## श्री नेपाल राष्ट्र बैंक
## मानव संसाधन व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ संशोधन सम्बन्धी सूचना

यस बैंकको सञ्चालक समितिको मिति २०८२/०८/०३ मा बसेको बैठक संख्या ३६/२०८२ बाट सोही मितिदेखि लागु हुने गरी नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७४ समेत मिलाइएको) को परिच्छेद १० मा देहायबमोजिमको विनियम ११७क थप गरी संशोधन भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

कार्यकारी निर्देशक

मिति: २०८२/०८/१९

## नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन २०७४) मा योगदानमा आधारित निवृत्तिभरण प्रणाली थप गरी विनियमावली संशोधन

११७क. योगदानमा आधारित निवृत्तिभरण: (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सम्वत् २०८२ साउन १ गते पछिको विज्ञापनबाट खुला प्रतियोगिताद्वारा बैंक सेवामा प्रवेश हुने कर्मचारीलाई यस विनियममा व्यवस्था भए बमोजिम योगदानमा आधारित निवृत्तिभरण प्रदान गरिनेछ ।

(२) उप-विनियम (१) बमोजिम योगदानमा आधारित निवृत्तिभरण दिने प्रयोजनका लागि छुट्टै कोषमा लेखाङ्कन गरिनेछ ।

(३) उप-विनियम (१) को प्रयोजनको लागि कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी बैंकको तर्फबाट सो कट्टा भएको रकमको शतप्रतिशत रकम थप गरी जम्मा गरिनेछ ।

(४) बीस वर्ष वा सोभन्दा बढी समयसम्म बैंकको स्थायी सेवा गरी अवकाश पाएको कर्मचारीले देहाय बमोजिम मासिक निवृत्तिभरण पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(५) निवृत्तिभरण पाउन योग्य कर्मचारीले उप-विनियम (३) बमोजिम निजको नाममा जम्मा भएको रकम, ब्याज र मुनाफा समेत एकमुष्ट रकम लिने वा उप-विनियम (४) बमोजिम निवृत्तिभरण लिने सम्बन्धमा कर्मचारीले वा निजको मृत्यु भएमा निजको हकवालाले छनौट गरे बमोजिम कुनै एक प्रदान गरिनेछ ।

(६) यस विनियम बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने कर्मचारी निवृत्तिभरण पाउने समयावधि अगावै जुनसुकै कारणले बैंक सेवाबाट अलग भएमा निजको नाममा यस विनियम बमोजिम जम्मा भएको रकम, ब्याज र मुनाफा समेत एकमुष्ट रकम उपलब्ध गराइने छ । सम्वत् २०८२ साउन १ गते पछिको खुला तर्फको विज्ञापनबाट नियुक्त हुने कर्मचारीको हकमा विनियमावलीको विनियम ११६ बमोजिमको उपदानसम्बन्धी व्यवस्था लागु हुने छैन ।

तर, विनियम १४८ को उप-विनियम (२) बमोजिम भविष्यमा बैंक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीको हकमा निजको तलबबाट कट्टा गरिएको रकम तथा उक्त रकममा प्राप्त भएको ब्याज मात्र उपलब्ध गराइने छ ।

(७) कुनै कर्मचारीको विनियम ११८ बमोजिम पारिवारिक निवृत्तिभरण पाउने समयावधि अगावै मृत्यु भएमा उप-विनियम (३) बमोजिम निजको नाममा जम्मा भएको रकम, ब्याज र मुनाफा समेत निजले

इच्छाएको व्यक्तिलाई एकमुष्ट रुपमा उपलब्ध गराइनेछ । मृत्यु भएको कर्मचारीले कसैलाई इच्छाएको नभएमा वा इच्छाएको व्यक्तिको समेत मृत्यु भइसकेको अवस्थामा कानुन बमोजिम निजको हकवालालाई त्यस्तो रकम उपलब्ध गराइनेछ ।

(८) यस विनियम बमोजिम कर्मचारीलाई निवृत्तिभरण उपलब्ध गराउने कार्यलाई सहज तथा दिगो बनाउन बैंकले उप-विनियम (२) बमोजिमको कोषमा बीमाङ्कीय मूल्याङ्कनको आधारमा नपुग हुने रकम समय समयमा उपलब्ध गराउनेछ ।

(९) उप-विनियम (२) बमोजिमको कोषको लेखाङ्कन, व्यवस्थापन र सञ्चालन तथा योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) योगदानमा आधारित निवृत्तिभरण पाउने कर्मचारीको हकमा यस विनियममा उल्लेख भए बाहेक अन्य सेवा सुविधा तथा शर्त यसै विनियमावली बमोजिम हुनेछ ।

(११) यस विनियममा माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्वत् २०८२ साउन १ गते अघि नियुक्ति लिई बैंकमा कार्यरत कर्मचारी खुला प्रतियोगितात्मक परीक्षाबाट माथिल्लो तहमा नियुक्त भई सेवा निरन्तर गरेमा शुरु नियुक्त हुँदाका बखतको उपदान तथा निवृत्तिभरणको व्यवस्था लागु हुनेछ ।